सुनिलस्मृति गाउँपालिका

स्थानीय राजपत्र

खण्डः ९ संख्याः ६ मितिः २०८२।०८।२६

भाग-२

सुलिलस्मृती गाउपालिका मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुका लागि विशेष सहयोग सम्वन्धी कार्यविधि

प्रस्तावनाः

व्यक्तिहरुको भावनात्मक व्यावहारिक तथा अन्य खालका मानसिक स्वास्थ्य समस्या भएको विश्वव्यापी अध्ययनहरूले देखाएका छन् । यस विश्वको जनसंख्याको लगभग १५ प्रतिशत मानिस साधारण वा कडा कुनै न कुनै मनोसामाजिक समस्या तथा मानसिक रोगबाट पीडित देखिन्छन् । विश्वव्यापीरुपमा बढ्दै गइरहेको मानसिक समस्या नेपालमा पनि द्रुतगतिमा बढ्दै गइरहेको कुरा विभिन्न अनुसन्धानहरुबाट देखिन्छ । पछिल्लो समयमा लुम्विनी प्रदेशमा पनि मानसिक स्वास्थ्य समस्या बढ्दै जाँदा आत्महत्याका घटनाहरु पनि बढ्दै गएको देखिन्छ। प्रदेशमा आत्महत्याका कारण ज्यान गुमाएको सस्था वृद्धि हुदै गएको छ जुन जनस्वास्थ्यका लागि ठूलो चुनौति हो । मानसिक स्वास्थ्य र समृद्धिका लागि मानसिक स्वास्थ्य महत्वपूर्ण हुने भएकोले विभिन्न कार्यक्रमहरुको आवश्यकता सँगै मानसिक

स्वास्थ्यमा पनि थप लगानी गर्नुपर्ने देखिन्छ । सबल मानसिक स्वास्थ्य, जीवनलाई पूर्णता दिनका लागि अत्यन्त महत्वपूर्ण विषय हुन जसले मानिसको मनमा आएका विभिन्न प्रतिकूलतालाई न्यूनीकरण गरी उत्पादनशील कार्यमा लाग्न प्रेरित गर्दछ् हरेक मानिसले जीवन यापनका क्रममा कुनै न कुनै किसिमको चिन्ता, तनाव, हिनताबोध वा कुनै न कुनै मानसिक अस्वस्थताको अनुभव गरेका हुन्छन् विश्व स्वास्थ्य संगठनका अनुसार १५ देखि २९ वर्ष उमेरमा हुने आत्महत्या मानिसको मृत्युको चौथो कारण बनेको छ जसलाइ पराजित गरी हरेक मानिसलाई समान्य जीवनतर्फ लैजानु अत्यन्त जरुरी भइसकेको छ ।

नेपालको संविधान २०७२ को भाग ३ को धारा १६ मा प्रत्येक नागरिकले सम्मानपूर्वक बाँच्न पाउने हक रधारा १८ मा समानताको हकको व्यवस्था गरेको छ । धारा ३५ मा नागरिकको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्न आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुँच हुने हकको व्यवस्था समेत गरेको छ। यसैगरी जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को परिच्छेद ७ मा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य, पुनर्स्थापना सामाजिक सुरक्षा तथा मनोरञ्जनको व्यवस्था गरिएको छ। उक्त ऐनको दफा ३५ र ३६ ले मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा सुविधाहरूको समेत सुनिश्चितता गरेको छ। राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७ को लक्ष्य अनुसार नागरिकको मौलिक हकको रूपमा संविधान प्रदत् स्वास्थ्य सेवा अन्तर्गत मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्न न्यायसङ्गत एवं जवाफदेही ढङ्गले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई प्राथमिक स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी समयसापेक्ष विशिष्टिकृत मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने भनी उल्लेख गरिएको छ। दिगो विकास लक्ष्य (२०१६-२०३०) को लक्ष्य ३ मा सुस्वास्थ्य तथा समृद्ध जीवन अन्तर्गत सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रबर्धन गर्न मानसिक स्वास्थ्यलाई पनि प्राथमिकतामा राखी नसर्ने

रोगबाट हुने मृत्यु एक तिहाइले कम गर्ने र लागु पदार्थ दुर्व्यसनीको रोकथाम, उपचार र पुनर्स्थापना गर्ने लक्ष्य राखिएको छ। नेपाल सयुक्त राष्ट्र संघको सदस्य एवं मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षधर रही हस्ताक्षर गरेको राष्ट्रको दायित्व स्वरुप मानसिक स्वास्थ्यको प्रवर्धन, जनचेतना तथा सेवाको विकास गर्नु अपरिहार्य भएको छ । यसै सन्दर्भमा यस गाउँपालकिाका मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग पुऱ्याउन वाञ्छनीय भएको ।

परिच्छेद -१

प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग सम्बन्धी कार्यविधि २०८२"** रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

१) "कोष" भन्नाले मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि यस गाउँपालिकामा स्थापित विशेष सहयोग कोषलाई सम्झनु पर्दछ ।

२) "कार्यविधि" भन्नाले मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग सम्वन्धी कार्यविधि, २०८२" सम्झनु पर्छ ।

३)" गाउँपालिका अध्यक्ष भन्नाले" भन्नाले सुनिल स्मृति गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

४ "गाउँपालिका उपाध्यक्ष" भन्नाले सुनिल स्मृति गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

५) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिकालाई सम्झनु पर्छ ।

६) "न्यायिक समिति" यस सुनिलस्मृति गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

७) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकारको बालबालिकाको विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

८ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनिलस्मृति गाउँपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

९)"युवा परिषद् भन्नाले पालिकामा क्रियाशिल रहेको गाउँपालिका युवा परिषदलाई सम्झनु पर्दछ ।

(१०)“ किशोर किशोरी सञ्जाल वा ग्रेजुयट फोरम भन्नाले पालिकामा संवाद कार्यक्रम पश्चात संगठित रुपमा क्रियाशील भएको संजाललाई सम्झनु पर्दछ ।

११) “बालबालिका” भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

१२) “बालमनोविज्ञ वा समाजसेवी” भन्नाले पालिकामा सूचीकृत भएका वा सूचिकृत भइ नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(१३) “विशेष संरक्षणको आवश्यकता भएका बालबालिका” भन्नाले वालवालिका ऐनको बालबालिका सम्झनु पर्छ ।

१४) “सेवा प्रदायक निकाय” भन्नाले पालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय स्रोत केन्द्र, प्रहरी कार्यालय, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाइन सेवा समेतलाई सम्झनु पर्छ ।

१५) “संस्था” भन्नाले बाल अधिकार प्रवर्धन तथा बालसंरक्षणका लागि प्रचलित कानुन बमोजिम दर्ता भई बालबालिका सम्बन्धि कार्यक्रम सञ्चालन गरिरहेका संघसंस्था, संगठन तथा सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

१६) “समिति” भन्नाले मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुका लागि विशेष सहयोग सम्वन्धी कोष संचालन समितिलाई सम्झनु पर्दछ ।

१७) कुनै पनि व्यक्ति एउटा समाजमा हुर्केको, बसेको हुन्छ र त्यस समाज प्रति उसको मन (भावना, विचार र सोचाई) समान ढङ्गको हुन्छ । यी दुई (मन र समाज) बीचको सम्बन्ध नै मनोसामाजिक सम्बन्ध हो । जब व्यक्तिको व्यवहार समाजले स्वीकार गर्दछ, तब त्यस व्यक्ति त्यस समाजमा राम्ररी समायोजन हुन सफल हुन्छ, जसले गर्दा व्यक्ति मनोसामाजिक रुपमा सुस्वस्थ हुन्छ ।

१८) मानसिक स्वास्थ्य भन्नाले कुनै पनि व्यक्तिको त्यस्तो अवस्थालाई जनाउँछ जसमा व्यक्तिले आफ्ना क्षमतालाई पहिचान गर्न सक्दछ, जीवनका सामान्य तनावको सामना गर्न सक्दछ, उत्पादनशील तरिकाले काम गर्न सक्दछ र आफ्ना समुदायमा केही योगदान दिन सक्षम हुन्छ । - ***(विश्व स्वास्थ्य सङ्गठन, २००१)*** ।

१९) व्यक्ति र समाज बीच हुने अस्वस्थ अन्तरक्रियाले उत्पन्न हुने नकारात्मक भावना, सोचाई, धारणा र व्यवहारमा आउने परिवर्तनले व्यक्तिको शरीर, भावना, व्यवहार र सम्बन्धमा बिभिन्न समस्याहरु देखिन्छ भने त्यो नै मनोसामाजिक समस्या हो ।

२०) व्यक्तिको मनोवैज्ञानिक तथा सामाजिक पक्षबीच हुने निरन्तर अन्तरक्रियामा तालमेल नमिल्दा उत्पन्न हुने भावनात्मक समस्यालाई मनोसामाजिक समस्या भनिन्छ, जसले व्यक्तिको **दैनिक क्रियाकलापमा** बाधा पुऱ्याउँछ ।

परिच्छेद- २ उद्देश्य र सिद्धान्त

क) मानसिक तथा मनोसामाजिक समस्यामा परेका व्यक्तिहरुको पहिचान, लेखाजोखा , सहयोग र सिफारिसका लागि आवश्यक सहकार्य गर्ने ।
ख) विपन्न तथा जोखिममा परेका ब्यक्तिहरुलाई मानसिक तथा मनोसामाजिक सहयोगको लागि सहज सेवाको पहुँच अभिवृद्धि गर्ने ।
ग) मानसिक तथा मनोसामाजिक समस्या परेका ब्यक्तिहरुको सहयोगका लागि आवश्यक सहयोगको वातावरण सृजना गर्ने ।

परिच्छेद ३ विशेष सहयोग र दायित्व

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग र दायित्व सम्बन्धी व्यवस्था देहायानुसार हुनेछ ।

- मानसिक तथा मनोसामाजिक समस्याको पहिचान र लेखाजोखा गर्ने ।
- मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुलाई भावनात्मक सहयोग वा मनोविमर्श सहयोग प्रदान गर्ने ।
- मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरु विशिष्टकृत सहयोगको सिफारीस गर्ने ।
- मानसिक तथा मनोसामाजिक उच्च समस्यामा रहेकाहरुलाई वैकल्पिक हेरचाहको प्रवन्ध गर्ने ।
- विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिमको अवस्थामा रहेका मनोसामाजिक तथा समस्यामा परेका सेवाग्राहीहरुको गोपनीयता सहीतको दस्तावेजीकरण कायम गपर्ने ।

परिच्छेद ४ वैकल्पिक हेरचाह र सिफारिस

वैकल्पिक हेरचाहको व्यवस्था तथा सहयोगका लागि सिफारिस सम्बन्धी व्यवस्था देहायानुसार हुनेछ :

क) मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोगकोष बाट कडा खालका मानसिक समस्या भएका रोगीलाई मानव सेवा आश्रम लगाएतको अन्य निकायमा वैकल्पिक हेरचाहको लागि व्यवस्थापन गरिनेछ यसरी वैकल्पिक हेरचाहको लागी पालिकाका सम्वन्धी शाखाले पालिकाको सिफारिस तथा सहयोग सयन्त्र निर्माण गर्नु पर्ने छ । यसलाई नियमिति रुपमा अध्यावधि गर्दै लैजानु पर्ने छ ।

ख) यस प्रकारको सहयोग तथा सिफारिस सयन्त्रको लागि पालिकाका सवै वडाहरुमा सिफारिस संयन्त्रको व्यवस्था गर्न सकिनेछ ।

परिच्छेद - ५ प्रभावित व्यक्तिहरुको लागि गरिने सहयोगका प्रकारहरु

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग कोषवाट समुदायका ग्रेजुयट फोरम वालक्लव, किशोर किशोरी संजाल ,आपसी सहयोग समूह, हेल्थपोष्ट, वडा कार्यालय, विद्यालय, टोल विकास संस्था, महिला स्वास्थ्य स्वमसेवीका वा अन्य सामुदायिक संरचनावाट अनुसूची-१ बमोजिमको ढाँचामा सिफारिस भएका मनोसामाजिक तथा मानसिक समस्या भएका विपन्न सिमान्तकृत, खास गरी किशोर किशोरीहरुलाई पालिकाको मनोविमर्शको सहयोगले मात्र नभई मनोचिकित्सकीय सहयोग तथा विशिष्ट खाले मनोविमर्श सहयोगको लागि औषधी खर्च, स्वास्थ्य परीक्षण खर्च, स्वास्थ्य जाचँ खर्च, अस्पताल जादाँ आउदाँको सार्वजनिक यातायात खर्च, विशेष परिस्थितिमा एम्वुलेन्स खर्च, खाना खाजा वा आवास खर्चको लागि वैठकको निर्णय अनुसार तपशिल वमोजिम खर्च गर्न सकिने छ ।

१) कुनै एक समस्या प्रभावित व्यक्तिलाई जिवनकालभरमा एक पटकमात्र यस कोषवाट सहयोग रकम उपलब्ध गराउन सकिनेछ । प्रभावित व्यक्तिले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२) प्रति ब्यक्ति लागतको आधारमा बढीमा रु.२०,००० (बीस हजार) सम्म दिन सकिने छ । सो भन्दा कम खर्च भएमा विल भरपाई अनुसार हुने छ ।

३) यस कोषको सहयोग रकम प्राप्त गर्ने व्यक्ति सिफारिस गर्दा विपन्न सिमान्तकृत, महिला, यौनिक तथा लैगिंक अल्पसंख्यक, किशोर, किशोरी, वालवालिका तथा दलित समुदायलाई विशेष प्राथमिकतामा राखिने छ ।

४) कोषको रकम खर्च गर्दा मानसिक चिकित्सकीय उपचार वा मनोविमर्शकर्ता सहयोग मात्र कोषको रकम खर्च खर्च गरिनेछ ।

५) कोषको रकम खर्च गर्नको लागि सिफारिस फारममा सिफारिस गर्नेको स्पष्ट नाम, हस्ताक्षर, सेवाग्राहीको विवरण सहित प्राप्त निवेदनमा, संयोजकको तोक आदेशबाट भुक्तानी गर्न सकिनेछ ।

६) उपचारका क्रममा भएका खर्चको सोधभर्नाका लागि नेपाली नागरिकताको प्रमाण पत्र, मनोचिकित्सकको प्रमाणित सिफारिस, सम्बन्धित वडाको सिफारिस, सम्बन्धित बील भरपाईहरु लगायतका कागजातसहित सेवाग्राहीले समितिमा निवेदन दिनुपर्नेछ र समितिले उपचारको वास्तविक लागतका आधारमा यस कोषबाट सहायता उपलब्ध गराउनेछ । तर एक व्यक्तिलाई बिस हजारभन्दा बढी रकम उपलब्ध गराइनेछैन । समितिले कोषबाट गरिएको सम्पूर्ण खर्चको रकम सम्बन्धि निर्णय बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

७ माथि उल्लेख भएकोमा बाहेक कोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रम आदिमा खर्च गर्न पाइने छैन ।

परिच्छेद -६ कोषको स्थापना, सञ्चालन र व्यवस्थापन

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग <u>कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था देहायानुसार हुनेछ ।</u>

<u>क) कोषको स्थापना :</u>

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको विशेष सहयोगको लागि एक कोषको स्थापना गरिनेछ । जसमा देहायानुसारको रकम जम्मा गरिनेछ

क) सहयोगी निकाय, साझेदार संस्था, वा दातृ निकायले वैकंमा जम्मा गरेको अनुदान रकम ।

ख) पालिकाले वार्षिक रुपमा योजना तर्जुमा वाट विनियोजन गरेको रकम ।

ग) अन्य सामुदायिक संघ संस्था, आपसी सहयोग समूह, संजाल वा व्यक्तिले समितिको खातामा जम्मा गरी दिएको रकम,

घ) वैकवाट प्राप्त व्याज

ख) कोषको संचालन :

कोषको सञ्चालन तथा दिगो व्यवस्थापनका लागि देहायानुसार एक समिति रहनेछ

संयोजक : अध्यक्ष

सदस्य उपाध्यक्ष

सदस्य प्रमुख प्रशासकीय अधिकृत

सदस्य आर्थिक प्रशासन शाखा हेर्ने कर्मचारी

सदस्य : महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा हेर्ने कर्मचारी

सदस्य : पालिकामा कार्यरत मनोसामाजिक मनोविमर्शकर्ता

सदस्य सचिव : स्वास्थ्य शाखा हेर्ने कर्मचारी

उल्लिखित समितिकोले मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग कोषको स्थापना व्यवस्थापन र संचालनको जिम्मेवारी पुर्णरुपमा लिइनेछ ।

ग) कोषको व्यवस्थापन :

१) कोषको व्यवस्थापनको लागि गाउँपालिकाको विविध खाता वा कोषको छुट्टै खाता संचालन गर्न सक्ने छ ।

२) समितिको हरेक वैठकमा खर्च तथा आम्दानीको सम्वन्धी प्रस्ताव राखी निर्णय समेत गर्नु पर्ने छ । भने हरेक आर्थिक वर्षमा आम्दानी खर्चको संक्षिप्त प्रतिवेदन सम्वन्धित सरोकार वा समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्ने छ ।

३) कोषलाई व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्नको लागि पालिकाको कोष संचालन तथा व्यवस्थापनको समितिको संयोजकको तोक आदेशमा स्वास्थ्य शाखाको टिप्पणी उठाए पश्चात भुक्तानी गर्न सकिनेछ ।

परिच्छेद -७ कोषको व्यवस्थापन र दायित्व

१) मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुको लागि विशेष सहयोग कोषको स्थापना, संचालन तथा व्यवस्थापनको सम्पूर्ण दायित्व समितिको हुनेछ ।

२) कार्यविधि अनुसार कोषमा भएको आम्दानी र कोषबाट भएको खर्च सम्बन्धी विवरण समितिको प्रत्येक वैठकमा सदस्य सचिवले पेश गर्नुका साथै अनुसूची-३ बमोजिमका ढाँचामा विवरण राख्नुपर्नेछ ।

परिच्छेद -८
विविध

<u>व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः</u>

कार्यविधिमा थप व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग समितिको वैठकको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

परिच्छेद -९ खारेजी र बचाउ

<u>खारेजी र बचाउ :</u> (क) **मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुका लागि विशेष सहयोग सम्वन्धी कार्यविधि, २०८१** खारेज गरेको छ ।

(ख) उपदफा (क) मा उल्लेखित कार्यविधिका बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची : १ सिफारिस फारम

नाम...

मितिः............................

उमेर/लिङ्ग...

सत्र संख्या.........................

हालको ठेगाना : ....

महा/उपमहा/नगर/गाउँ पालिका वडा नं. ..

सम्पर्क नंः ....

स्थायी ठेगाना : ....महा/उपमहा/नगर/गाउँ

पालिका वडा नं. .... सम्पर्क नंः ....

अभिभावकको नामः......................................

१. सेवाग्राहीको आशा/अपेक्षाहरू :

२. पुऱ्याइएको सहयोग :

३. सेवाग्राहीमा परेको प्रभाव :

४. घटनाको विवरण :

५. सिफारिस गर्नुपर्ने कारण :

६. संलग्न कागजात यदि भएमा

सिफारिस गर्ने

....

हस्ताक्षर

सिफारिस कर्ताको नाम : ....

मिति :....................

अनुसूची : २   सहयोग मागको निवेदन ढाँचा

श्री संयोजक ज्यू,

मिति ....

मानसिक तथा मनोसामाजिक समस्या प्रभावित ब्यक्तिहरुको लागि विशेष सहयोग समिति
सुनिलस्मृति गाउँपालिका रोल्पा

विषय : उपचार खर्चको लागि सहयोग गरी पाऊँ भन्ने बारे ।

प्रस्तुत विषयमा सुनिलस्मृति गाउँपालिका वडा नं...................बस्ने म वर्ष...............को .... मानिसक तथा मनोसामाजिक समस्याबाट प्रभावित भएको र उपचारको लागि आवश्यक सूचना र आर्थिक कारण औषधी उपचारको लागी आवश्यक सहयोग गरी दिनु हुन हार्दिक अनुरोध गर्दछु साथै औषधी उपचार पश्चात आवश्य विल भरपाई पेश गर्ने ब्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।

निवेदक :

नाम ठेगाना :

सम्पर्क नम्वर :

सेवाग्राही र निवेदक विचको नाता :

मिति:

अनुसूची : ३ सहयोग प्राप्त सेवाग्राहीको दर्ता किताव नमुना :

क.स	सेवाग्राहीको नाम	ठेगाना	उमेर	लिङ्ग	घटनाको विवरण	प्रभाव वा असर	गरेको सहयोग	आएको परिवर्तन	पहिलो पटक भेटेको मिति	लागेको खर्च	उपचार गरेको स्थान वा अस्पताल
१											
२											
३											
४											

आज्ञाले

नगेन्द्र प्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत